

# ४ अनन्तको करार

***यस अध्यायका मूल पदहरू*** प्रस्थान ३:१४, उत्पत्ति १७:१-६, उत्पत्ति ४१:४५, दानिएल १:७, उत्पत्ति १५:७-१८, उत्पत्ति १७:१-१४ र प्रकाश १४:६,७।

***यस अध्यायको मूल सार पदः*** **"म (परमेश्वर) मेरो अनन्तको करार तिमी (अब्राहम) र तिमीपछिका सन्तान र तिनीहरूका पछिका सन्तानहरूसँग स्थापना गर्नेछु। तिम्रो र तिमीपछिका सन्तानहरूको परमेश्वर म हुनेछु" (उत्पत्ति १७:७ रूपान्तरित)।**

हामी प्रायजसो सबै जना बालक हुँदा केही न केही बिमारले सिकिस्त भएका थियौं होला। टन्सिल होस् वा निमोनिया होस् त्यसले गर्दा हामी बिमार हुँदा अझ त्यसले अर्को नराम्रो रोगले समात्छ भन्ने पिर लागेकै होला। राती ज्वरले समात्दा जब हामी ब्युँझिन्छौं त्यसबेला हाम्रा बाबु वा आमा हाम्रो ओछ्यानिर सानो बत्ती बालेर बसिरहेका देखेका हौंला।

त्यस्तै गरेर हाम्रो मानवीय भाषामा परमेश्वर पनि पापको बिमारीले ग्रष्ट भएको संसारको ओछ्याननिर उहाँ बसिरहनुभएको चित्रण गर्न सक्छौं। जलप्रलयभएको शताब्दियौंपछि यस संसार नैतिक अन्धकारको गहिऱ्याइमा परिरहेका थिए। त्यसैकारण परमेश्वरले अब्रामलाई उनको मूर्तिपूजा गर्ने परिवारबाट उनलाई निकालेर उहाँका त्यस विश्वासी सेवकबाट एक जाति खडा गरेर आफ्नो बारेमा ज्ञान दिलाउँदै मुक्ति दिने योजना उहाँले बनाउनुभएको थियो।

त्यसको फलस्वरुप परमेश्वरले अब्राम र उनका सन्तानसँग करारमा प्रवेश गर्नुभयो। त्यस करारमा पापको नतिजाले तहसनहस भएको मानव जातिलाई मुक्ति दिने योजनाको विस्तृत विवरण परमेश्वरले प्रस्तुत गर्नुभएको

थियो। आफ्नो उपस्थितिबिना यस संसारलाई त्यसै छोड्ने परमेश्वरको योजना थिएन। पापको इनारमा खसेको यस संसारलाई उहाँको आवश्यकताको भएको उहाँले महसुस गर्नुभएको थियो। परमेश्वरले बाँध्नुभएको करारका प्रतिज्ञाहरूमा के के छन् भनेर यस अध्यायमा हामीले खोलेर हेर्नेछौं।

<u>यस अध्यायको झलक:</u> **परमेश्वरको नाउँ के हो? त्यसको अर्थ के हो? जुनरूपमा परमेश्वरले अब्रामलाई आफूलाई आफ्नो नाउँबाट परिचित गर्नुभयो त्यो किन अर्थपूर्ण छ? आफू को हुँ भनेर परमेश्वरले अब्रामलाई चिनाउनुभयो? परमेश्वरले नै अब्रामबाट अब्राहम भनेर नाउँलाई किन परिवर्तन गर्नुभयो? त्यसले गर्दा नाउँहरूको किन महत्त्वपूर्ण छ? जब परमेश्वरले अब्राहमसँग करार बाँध्नुभयो त्यस करारमा के सर्तहरू वा अब्राहमको तर्फबाट के जिम्मेवारीहरू जोडिएका थिए?**

## १. यह्वे र अब्राहमसँग बाँधिएको करार

**"उहाँले तिनलाई भन्नुभयो, "यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।"** (उत्पत्ति १५:७ रूपान्तरित)।

नाउँहरू कहिलेकाहीँ ट्रेडमार्क वा व्यापरिक चिन्ह जस्तो हुनसक्छ। जब हामी कसैको नाउँ सम्झिन्छौं तब त्यससँग हाम्रो सम्बन्ध नजिक भएको कारणले त्यस मानिसको विशेष चरित्र वा स्वभावलाई तुरन्तै याद गर्छौं। जब हामी अल्बर्ट आइस्सटाइन, मार्टिन लुथर किङ्ग जुनियर, महात्मा गान्धी, (जङ्गबहादुर, पृथ्वीनारायण शाह-अनुवादकको थप), पावल प्रेरित वा दोरकासलाई नै सम्झिन्छौं तब हाम्रो दिमागमा तुरन्तै के घुस्न थाल्छ? ती नाउँका प्रत्येक व्यक्तिको आआफ्नै स्वभाव, चरित्र र विचारहरू छन्।

बाइबलको समयमा मध्यपूर्वका मानिसहरूले आआफ्ना नाउँहरूमा ठूलो अर्थ गाँसिएको हुन्थ्यो। "हिब्रूहरूले जब कसैको नाउँ लिन्छ तब त्यस मानिसको व्यक्तिगत स्वभावलाई सम्झेको हुन्छ वा त्यस मानिससँग गाँसिएको बिचार वा कुन परिस्थितिमा त्यो नाउँ दिइएको हो त्यसलाई याद गरेको हुन्छ।"- *द एसडिए बाइबल कमेन्टरी,* ठेली १, पृ. ५२३बाट रूपान्तरित।

जब अब्रामसँग करारको सम्बन्धमा पस्नुहुँदा परमेश्वरले उनीलाई आफ्नो नाउँ यह्वे (अङ्ग्रेजीमा ठूलो अक्षरले YHWH भनेर लेखिएको हुन्छ) भनेर उच्चारण गर्दै चिनाउनुभएको थियो (उत्पत्ति १५:७)। त्यसकारण उत्पत्ति

१५:७ अझरस रूपमा यसर पढिन्छ "म यह्वे YHWH हुँ जसले तिमीलाई कल्दीको देशबाट निकालेर ल्याएँ।"

यो यह्वे भन्ने नाउँ पुरानो करारमा ६,८२८पल्ट देखा परेका छन्। त्यस नाउँमा केही हदसम्म रहस्य लुकिएको छ। यो क्रियापद हेयाह hayh अर्थात् "हुनु"सँग जोडिएको पाइन्छ। त्यसको अर्थ "सनातन प्रभु", "सदा सदा अस्तित्वमा रहिरहने", "स्व-अस्तित्व हुनुभएको", "स्व-पर्याप्त हुनुभएको" वा "जो अनन्तसम्म रहिरहनुभएको छ।" परमेश्वरको स्वभाव दर्शाउने त्यस शिर्षकमा उहाँको स्व-अस्तित्व र विश्वासिलो देखाउँछ। तिनीहरूले प्रभु जीवित परमेश्वर र जीवनको स्रोत भनेर बुझाउँछ। त्यसको बिपरित मानवकृति देवीदेवताहरू मानिसहरूको काल्पनिक सोचबाट बाहिर तिनीहरूको अस्तित्व भएको देखाउँदैन।

प्रस्थान ३:१४मा आफ्नो नाउँ यह्वेको अर्थ आफैले बुझाउनुहुन्छ "म छु जो छु वा म हुँ जो हुँ।" यसको अर्थले परमेश्वरको बिनासर्त अस्तित्वको वास्तविकतालाई व्यक्त गर्दछ। फेरि यसको अर्थले नै परमेश्वर विगतको, बर्तमानको र भविष्यको शासक हुनुहुन्छ भनेर बुझाउन खोजिएको छ।

यह्वे, परमेश्वरको व्यक्तिगत नाउँ पनि हो। अब्रामलाई ऊरको देशबाट निकालेर ल्याउने परमेश्वर र उनीसँग करार बाँध्ने परमेश्वर यह्वे नै हुनुहुनुहुन्छ भनेर आफ्नो परिचय अब्रामलाई उहाँले दिनुहुन्छ (उत्पत्ति १२:१-३)। आफ्नो नाउँले आफूलाई चिनाएको अब्रामबाट परमेश्वरले चाहनुभएको थियो किनकि त्यस नाउँले उहाँको व्यक्तिगत परिचय, व्यक्तिगत स्वभाव र चरित्रको पक्षलाई देखाएको थियो। त्यसै नाउँद्वारा उहाँका गुणहरूको ज्ञानलाई जानेर उहाँका प्रतिज्ञाहरूमाथि भरोसा राख्न सिक्दछौं (भजन ९:१०, भजन ९१:१४)।

**जब तपाईंले यह्वेको नाउँ सुन्नेबित्तिक्कै तपाईंको दिमागमा कस्तो गुण, बानी, स्वभाव वा चरित्रहरूलाई स्वःत सम्झिनुहुन्छ? उहाँको प्रेम, दया र हेरचाह वा त्रास, कडा मिजासको वा अनुशासन लाड्ने परमेश्वर भनेर सम्झिनुहुन्छ। तर जब तपाईंले येशू भन्ने नाउँ सुन्नुबित्तिक्कै कस्तो खालको बिचार तपाईंको दिमागमा स्वःत आउँछ?**

**२. 'एल-शद्दाई**

**"जब अब्राम ९९ वर्षका थिए तब परमेश्वर उनकहाँ देखा पर्नुभयो र उनलाई भन्नुभयो, 'म सर्वशक्तिमान परमेश्वर हुँ। मेरो अगाडि तिमी हिँड र तिमी सिद्ध वा परिपक्व हुनेछौ अर्थात् निर्दोष भएर बस्नेछौ'" (उत्पत्ति १७:१ रूपान्तरित)।**

यो भन्दा अघि यहे अब्रामकहाँ धेरै पल्ट देखा पर्नुभएको थियो (उत्पत्ति १२:१,७,उत्पत्ति १३:१४, उत्पत्ति १५:१,७,१८)। अब माथि उल्लेख गरिएको पदमा यहे अब्रामकहाँ फेरि देखा पर्नुहुन्छ। त्यसबेला यहेले आफूलाई अब्रामको सामु "सर्बशक्तिमान परमेश्वर" भनेर प्रस्तुत गर्नुभएको थियो। यो नाउँ केवल उत्पत्तिको पुस्तक र अय्यूबको पुस्तकमामात्र प्रयोग गरिएको छ। "सर्वशक्तिमान परमेश्वर" मा पहिलो शब्द 'एल, El मिलेर बनिएको छ। यो चाहीँ त्यसबेलाको त्यस भेगका पौराणिक सभ्यता सिमाइटहरूले बोल्ने भाषामा परमेश्वरको नाउँ उच्चारण गरिन्थ्यो। सद्दाईको ठ्याक्कै अर्थ के हो निश्चित नभएतापनि "शक्तिशाली" भनेर गरिएको अनुवाद अत्यन्तै ठीक मानिएको छ।(यही सन्दर्भमा यशैया १३:६ "डाँको छोड़ी-छोड़ी रोऊ, किनकि परमप्रभुको दिन नजिक छ। सर्वशक्तिमान्को तर्फबाट भयङ्कर सर्वनाशको रूपमा त्यो आउनेछ।" र योयल १:१५ " १५ हाय! त्यो दिन, किनकि परमप्रभुको दिन नजिकै छ। त्यो त सर्वशक्तिमान्को तर्फबाट सर्वनाशजस्तै आउनेछ"ले बुझाउँछ)। मानव जातको कमी र कमजोरीको विपरित परमेश्वरको शक्ति र सामर्थ्यलाई यस नाउँको अवधारणाले निर्णायकरूपमा देखाउँछ।

**उत्पत्ति १७:१-६ पढ्नुहोस्। यसमा परमेश्वरको नाउँको बारेमा बृहत चित्रणमा बुझाउन खोजिएको छ। यसबेला नै परमेश्वरले अब्रामलाई आफ्नो सामर्थ्य र शक्तिको बारेमा किन विशेष जोड दिनुभएको थियो? परमेश्वरको शक्ति र सामर्थ्यमा भरपर्न अब्रामबाट के अपेक्षा गरिएको छ भनेर परमेश्वरले के भन्न खोज्नुभएको छ? बिशेष गरेर पद छ हेर्नुहोस्, " १ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५**

**अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्।"**

यस पङ्क्तिलाई अक्षरस अनुवाद गर्दा यो हुन आउनसक्छ "यह्वे अब्रामकहाँ देखा पर्नुभयो र भन्नुभयो, 'म एल-सद्दाई हुँ। मेरो अघि हिँड र तिमी सिद्ध वा निर्दोष हुनेछौ। मेरो र तिम्रो बीचमा म करार बनाउनेछु, र तिम्रो सन्तानको संख्या धेरै बढाउनेछु। तिमी थुप्रै राष्ट्रहरूको पिता हुनेछौ....र तिमीलाई अत्यन्तै फलदायी बनाउनेछु।'" यही नाउँ उत्पत्ति २८:३मा देखा परिएको थियो जहाँ इस्सहाकले याकूबलाई भनेका थिए "एल-सद्दाई याकूबलाई आशिष दिनुहुनेछ, उसलाई फलदायी बनाउनुहुनेछ र धेरै गुणा बढाउनुहुनेछ।"

यही खालको 'एल-सद्दाईका प्रतिज्ञा उत्पत्ति ३५:११, उत्पत्ति ४३:१४ र उत्पत्ति ४९:२५मा लेखिएको छ। परमेश्वरले प्रसस्त आशिष खन्याउनुहुनेछ भनेर ती पङ्क्तिहरूमा उल्लेख गरिएको छः एल, 'El, शक्तिशाली र अधिकारसम्पन्न वा सामर्थ्यवान परमेश्वर र शद्दाई Shaddai कहिल्यै खाली नहुने धनसम्पत्तिको परमेश्वर, ती सम्पत्तिहरू जुन् उहाँमाथि आस्था राख्ने र उहाँका आज्ञालाई पालन गरेर उहाँलाई खोज्नेहरूलाई प्रदान गर्न राजी हुनुहुन्छ।

**कतिले भन्छन् गुलाफको फूललाई जुनसुकै नाउँले सम्बोधन गरेतापनि त्यसको बास्ना मिठो नै भइरहनेछ। त्यस फूलको नाउँ जे भएतापनि त्यसको मतलब हुँदैन। यद्यपि, परमेश्वरलाई "कमजोरी परमेश्वर" "कमलो वा भाँच्न सक्ने परमेश्वर" भन्ने नाउँले सम्बोधन गर्नुपरे त्यसबाट हामीलाई के सान्त्वना र आशा पाउन सक्छौं र? "सर्वशक्तिमान परमेश्वर"को नाउँको सट्टा ती शब्दहरू राख्नुहोस्। ढाल्न सकिने, भाँच्न सकिने, डुबाउन सकिने परमेश्वर भनेर तपाईंको सामु उहाँले प्रस्तुत गर्नुभयो भने तपाईंको आस्था, विश्वास र भरोसा उहाँमाथि कस्तो होला? फेरि त्यसै बखत 'एल-सद्दाई भन्ने नाउँको परमेश्वरले हामीलाई कतिको आशा र सान्त्वना दिँदछ?**

### ३. अब्रामबाट अब्राहम (उत्पत्ति १७:४,५)

परमेश्वरको नाउँ धार्मिक र आत्मिक महत्त्वसँग गाँसिएको भएतापनि त्यत्तिक्कैमामात्र उहाँको नाउँ अन्त हुँदैन। पौराणिक मध्यपूर्व एशियामामा

मानिसहरूको नाउँ अहिलेको जस्तो जसरी मन लाग्यो त्यसरी दिने गरेर राखिँदैनथ्यो। आज मेरी वा सुजी, रामे वा श्यामे नाउँमा खास अर्थ वा भिन्नता छैन। तर पौराणिक मध्यपूर्वको सभ्यतामा वा सिमाइटहरूमा जब कसैलाई नाउँ दिइन्छ भने त्यस नाउँमा आत्मिक अर्थ सजाइएको हुन्थ्यो। त्यसबेलाका सबै सिमाइटिक सभ्यताका मानिसहरूका नाउँहरूमा अर्थ हुन्थ्यो र ती नाउँ वा नाउँको अंशमा बाबुआमाको चाहना वा तिनीहरूको तर्फबाट आभार व्यक्त गर्ने अर्थ हुन्थ्यो। उदाहरणमा दानिएलको अर्थ "परमेश्वर मेरा न्यायकर्ता हुनुहुन्छ" भने योयलको अर्थ "यहे परमेश्वर हुनुहुन्छ" वा नाथानको अर्थ "परमेश्वरको उपहार" भन्ने अर्थ देखाउँछ।

नाउँमा महत्त्वपूर्ण अर्थ गाँसिएको हुनाले कतिपय समयमा जब कुनैको जीवनमा आमुल परिवर्तन भयो वा कुनै परिस्थितिको सामना गर्नु पर्‍यो भने प्रायजसो आफ्नो नाउँलाई परिवर्तन गरिन्थ्यो।

**देहायका पदहरू हेर्नुहोस्। कुन परिस्थितिलाई तिनीहरूले सम्बोधन गरिरहेका छन् र ती परिस्थितिले गर्दा तिनीहरूको नाउँ कसरी परिवर्तन भयो?**

अ. **उत्पत्ति ३२:२८ "२८ त्यस व्यक्तिले भने, “अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल हुनेछ, किनभने तिमीले परमेश्वर र मानिसहरूसँग लड्न्त गर्‍यौ, अनि विजयी भयौ।”**

आ. **उत्पत्ति ४१:४५ " फारोले योसेफको नाउँ सापनत-पानेह राखे, र उनले तिनलाई ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतसँग विवाह गरिदिए। त्यसपछि योसेफ मिश्रभरि दौड़ाहा गर्न लागे। "**

इ. **दानिएल १:७ "प्रमुख अधिकृतले तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो। "**

अहिले पनि कसैको नाउँलाई बोलाउँदा त्यस नाउँ अनुसार मानिस चलेको वा चरित्र भएको आभास् हामी पाउँछौं। तर कतिपय समयमा नाउँले सम्बोधन गरिएको मानिसको बारेमा केही बताउँछ भने कतिपय समयमा त्यसको केही अर्थ हुँदैन। यदि कसैले कसैलाई "मूर्ख" वा "कुरुप" वा "गधा" भनेर बारम्बार बोलाइरह्यो भने त्यो मानिसले आफूलाई त्यही नाउँ अनुसार भएको आभास् पाउन सकिन्छ। फेरि त्यसैबखत कसैले स्वइच्छाले आफ्नो

नाउँ परिवर्तन गर्छ भने त्यसले आफूलाई कसरी हेर्दछ वा प्रभाव पारेको छ त्यो अनुसार आफू चलेको देखाउँछ।

यो कुरालाई मनमा राखेर परमेश्वरले अब्रामको नाउँ अब्रामबाट अब्राहम भनेर परिवर्तन गरिन्दा हामीलाई बुझ्न अप्ठ्यारो हुनु आवश्यक छैन। अब्रामको अर्थ "बुबालाई उच्च पारिएको छ" हो। परमेश्वरले परिवर्तन गर्नुभएको अब्राहमको अर्थ हो "बहुसङ्ख्यकको पिता" हो। जब परमेश्वरले अब्राहमसँग करारको वचन दिनुभएको बेलामा उहाँले भन्नुभएको थियो "१ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर्, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात् सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।" (उत्पत्ति १७:१-८)। परमेश्वरले परिवर्तन गर्नुभएको अब्राहमको नाउँ अत्यन्तै उपयुक्त थियो। सायद यसले गर्दा परमेश्वरको करारलाई सम्झन अब्राहमलाई सजिलो होस् भन्ने हेतुले उनको नाउँ परिवर्तन गरिएको हुन सक्छ। ९९ वर्षको अब्राहम बृद्ध बाँझि महिलासँग वैवाहिक जीवन बिताउनुपर्दा आफ्नो सम्पत्तिको हकदार को हुनेहोला भनेर सुर्ता गर्नु अब्राहमको निम्ति स्वभाविक नै थियो। तर उनको जीवनमा परमेश्वर आउनुभएर उनलाई प्रतिज्ञा दिइन्दा र नयाँ नाउँ पाउँदा उनले परमेश्वरमाथि विश्वास बढाउन सहयोग हुने उहाँले अपेक्षा गर्नुभएको थियो।

## ४. करारका चरणहरू (उत्पत्ति १२:१,२)

**" १ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २**

"म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ।" (उत्पत्ति १२:१-२)।

मथिका दुई पदहरूले परमेश्वरले अब्रामलाई दिनुभएको प्रतिज्ञाको प्रथम् चरण प्रकट गरिएको छ (जम्मा तीनवटा चरणहरू छन्)। परमेश्वर आफै अब्रामकहाँ देखा पर्नुभयो, आदेश दिनुभयो र उनलाई प्रतिज्ञा दिइयो। परमेश्वर आफै अघि सर्नुको अर्थ अब्रामलाई अनुग्रह देखाउनुभएर उनलाई चुन्नुभएको देखाउँछ। यसले गर्दा विशेष अनुग्रहको करारमा उनी प्रथम् मूख्य पात्र हुन पुगेका थिए। परमेश्वरको आदेशमा अब्रामले परमेश्वरमाथि पूरा भरोसा राख्ने परिक्षा समावेश भएको थियो (हिब्रू ११:८)। अनि प्रतिज्ञा (उत्पत्ति १२:१-३,७) जुन विशेष गरेर उनका भावी सन्तानलाई दिइएको थियो, अन्तमा आएर त्यसमा सारा मानव जातलाई पनि समेटिएको छ (उत्पत्ति १२,३, गलाति ३:६-९)।

**परमेश्वरले दिनुभएको करारको दोस्रो चरण उत्पत्ति १५:७-२१मा दिइएको छ। यहाँ लेखिएका पदहरूमा पनि पहिलो चरणमा दिएका त्यही खालका केही कदमहरू कसरी देखा पर्छन्? हेर्नुहोस्, " ७ फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।" ८ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ?" ९ उहाँले तिनलाई भन्नुभयो, "मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेड़ा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ल्याऊ।" १० तिनले ती सबै उहाँकहाँ ल्याए, र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए। तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन्। ११ अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए। १२ सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे, अनि डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो। १३ तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "यो निश्चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। १४ तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्। १५ तिमीचाहिँ आफ्ना पितृहरूकहाँ**

शान्तिसित जानेछौ। तिम्रो पूरो बुढ़ेसकालमा तिमी गाड़िनेछौ। १६ चौथो पुस्तामा तिम्रा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन।" १७ सूर्य अस्ताएपछि जब अँध्यारो भयो तब मासुका टुक्राहरूका बीचबाट धूवाँ आइरहेको आगोको एउटा मकल र बलिरहेको एउटा राँको छिरिगयो। १८ त्यसै दिन परमप्रभुले अब्रामसित यसो भनेर करार बाँध्नुभयो, "तिम्रा सन्तानहरूलाई मिश्रदेशको नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु– १९ केनी, कनज्जी, कदमोनी, २० हित्ती, परिज्जी, रपाई, २१ एमोरी, कनानी, गिर्गाशी र यबूसीहरूका देशहरू दिएको छु।" (उत्पत्ति १५:७-२१)।

**कुन पदहरूमा परमेश्वर मानिसकहाँ देखा पर्नुभयो?**

**कुन पदहरूमा मानिसले परमेश्वरको आज्ञा पालन गर्न आह्वान गरिएको छ?**

**कुन पदहरूमा परमेश्वरको प्रतिज्ञा उल्लेख गरिएको छ?**

दोस्रो चरणमा एउटा गम्भिर विधि अपनाउन अऱ्हाउनुभएको थियो। जब पशुका मासुका टुक्राहरू उनले राम्रोसँग मिलाएका तब परमेश्वर उनकहाँ देखा पर्नुभयो र ती मासुका टुक्राहरूको बीचबाट हिँड्नुभयो। तीनवटै पशुलाई मारिएको थियो र आधा आधा गरेर एकमाथि अर्को राखिएको थियो। दुई भागको बीचमा एक खाली भाग थियो। चराहरू मारेका थिए तर त्यसलाई भाग लगाएको थिएनन। जो करारमा बाँधिन्छ ती मानिसहरू मासुका टुक्राहरूको बीचमा हिँड्नुपर्थ्यो। त्यसको अर्थ परमेश्वरले उपलब्ध गराउनुभएको करारको प्रावधानप्रति निरन्तररूपमा पालन गर्न शाङ्केतिकरूपमा शपथ खानुपर्दथ्यो। जब करार बाँधिन्छ तब त्यसको गम्भिरतालाई ख्यालमा राखेर सहमत हुनुपर्छ।

**तेस्रो र अन्तिम चरणमा परमेश्वरले अब्राहमसँग बाँध्नुभएको करारमा के भयो सो सोच्नुहोस् " १ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू**

बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात् सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।" ९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौँसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौँसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।" (उत्पत्ति १७:१-१४ रूपान्तरित)।

*अब्राहम* नाउँको अर्थसँग परमेश्वरले सबै मानिसहरूलाई उद्धार गर्ने चाहना र योजना गाँसिएको छ। "सबै राष्ट्र वा जातिहरू" भन्दाले दुवै यहूदी र अयहूदीहरू समेटिएको छ। जो मानिसहरूमा अब्राहमको विश्वास वा आस्था छ र मसीहको प्रतिज्ञाबाट फाइदा उठाउँछन् तिनीहरू नै अब्राहमका सत्य सन्तानहरू हुन् भनेर नयाँ करारले ठाउँ ठाउँमा स्पष्ट गरि उल्लेख गरिएको छ (गलाती ३:७,२९)। अब्राहमकै समयमा पनि जतिसक्यो धेरै मानव प्राणीलाई उद्धार गर्ने परमेश्वरको चाहना भएको देखाउँछ। ती मानिसहरू जुनसुकै राष्ट्रका होस् वा जहाँ रहोस्, तिनीहरू सबै परमेश्वरको आशिषको हकदार हुन अधिकार दिइएको थियो। आज पनि त्यस मामिलामा केही फरक छैन।

**प्रकाश १४:६,७ पढ्नुहोस्। यसमा तीन स्वर्गदूतहरूमा पहिलो स्वर्गदूतको सन्देश उल्लेख गरिएको छ। अब्राहमसँग बाँधिएको करारमा जे भयो र त्यस स्वर्गदूतको सन्देशमा के समान विषयहरू छन्? ती विषयहरू केही**

हदमा कुन कुन कुराहरूमा एउटै भएको देखाउँछ? हेर्नुहोस्, " ६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड्रिरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"

## ५. करारप्रति जिम्मेवारी वा करार पालन गर्न प्रतिबद्धता

"मैले उसलाई चिनेको छु। उसका सन्तान र उसका घरमा मानिसहरूलाई उसका पछि लाग्न आदेश दिइनेछ। र उसले जस्तै तिनीहरूले पनि परमेश्वरकै मार्गमा हिंड्नेछन्। जे उचित र न्यायोचित छ, ती तिनीहरूले गर्नेछन् ताकि परमेश्वरले वचन दिनुभएको अनुसार अब्राहमलाई पूरा गरिदिनुहुनेछ" (उत्पत्ति १८:१९ रूपान्तरित)। वा (किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" (उत्पत्ति १८:१९ नेपाली बाइबल)।

हामीले माथि हेऱ्यौं परमेश्वरले दिनुभएको करार अनुग्रहको करार हो। यसमा हामीले कहिल्यै पनि गर्न नसक्ने कुरा उहाँले हाम्रो निम्ति गरिरहनुहुन्छ। यस मामिलामा अब्राहमसँग बाँधिएको करार पनि कुनै अपवाद वा नयाँ कुरो छैन।

परमेश्वरले आफ्नो अनुग्रहलाई प्रयोग गर्नुभएर उहाँले अब्राहमलाई आफ्नो औचारको रूपमा चुन्नुभयो ताकि यस संसारमा उहाँको मुक्तिको योजनालाई घोषणा गर्न उनले सहयोग गरून्। तर परमेश्वरले गर्नुभएको करारका प्रतिज्ञाहरू त्यसबेलामामात्रै पूरा हुनेछ जब जे न्यायोचित वा धर्मी छ र विश्वासद्वारा उहाँको वचन उनले पालन गर्नेछ। यदि अब्राहमले परमेश्वरको वचनमा आफूले प्रतिवद्धता जनाएन र परमेश्वरको चाहना अनुसार उनले आफ्नो जिम्मेवारी पूरा गरेन भने परमेश्वरले उहाँलाई प्रयोग गर्न सक्नुहुनेथिएन।

उत्पत्ति १८:१९ले परमेश्वरको अनुग्रह र व्यवस्थाको सम्बन्ध नजिक भएको देखाइएको छ। कतिपय अनुवादमा "मलाई थाहा छ" भनेर उल्लेख गरिएको छ भने नेपाली बाइबल र अरू केही अङ्ग्रेजी अनुवादहरूमा "मैले

त्यसलाई छानेको छु" भनेर उल्लेख गरिएको छ। जेभएतापनि यसले परमेश्वरको अनुग्रहलाई देखाइएको छ। त्यही अनुग्रहद्वारा अब्राहमले परमेश्वरको वचन पालन गर्नेछ र उनले आफ्ना परिवारलाई पनि परमेश्वरको आज्ञा पालन गर्न अऱ्हाउनेछ भनेर परमेश्वर ढुक्क हुनुभएको थियो। विश्वास अर्थात् आस्था र त्यसलाई अनुमोदन गर्न कामद्वारा देखाइने तत्वको नजिक सम्बन्ध भएको त्यसले देखाउँछ र देखाउनै पर्छ। (हेर्नुहोस् "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो। १८ तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो" (याकूब २:१४-२२)।

**उत्पत्ति १८:१९मा उल्लेख गरिएको वाक्य केलाएर हेर्नुहोस्। अब्राहमले परमेश्वरको वचन पालन गर्ने छ वा आज्ञा पालन गर्नलाई आदेश दिइनेछ भनेर भनिएको छ। यसमा अब्राहमले परमेश्वरको वचन मान्नु वा आज्ञा पालन गर्नुको बारेमा हामीलाई के सन्देश देखाएकोछ? आज्ञा पालन गरेर मुक्ति पाइने त होइन यद्यपि त्यसको महत्त्वलाई यहाँ कसरी प्रकाश पारेको छ? स्पष्टरूपमा भन्ने हो भने के अब्राहमले परमेश्वरको वचन पालना गरेर देखाएनन् भने उहाँलाई उनीसित बाँध्नुभएको करार पूरा हुन सक्थ्यो त? सोच्नुहोस्।**

करारका आशिषहरू उपभोग गर्न सक्दैन वा त्यसलाई थामी राख्न सकिन्दैन यदि करार पाउने व्यक्तिले केही सर्तहरू पालन गर्न सक्दैन भने। करार स्थापना गर्न वा गर्नेबेलामा ती सर्तहरूको आवश्यक नभएतापनि त्यस

करारको प्रत्युत्तरमा करार पाउने व्यक्तिले प्रेम, विश्वास अर्थात् आस्था र आज्ञा पालन गर्नु जरुरी छ। प्रेमले अग्रसर भएर चल्नु, आस्थामा रहिरहनु र परमेश्वरको वचन पालन गरिरहनु भन्नु नै परमेश्वर र मानव जातको बीचमा भएको सम्बन्धलाई प्रतक्ष्य गरेर देखाउनु हो। यदि मानिसहरूले हृदयदेखि परमेश्वरका वचनहरू पालन गरे भने आफूले दिनुभएको करारका प्रतिज्ञाहरू पूरा गर्न उहाँलाई अग्रसर गराउँदछ।

यदि वचनलाई वेवास्ता गरेर वा परमेश्वरको वचनप्रति विद्रोह जनाए त्यसले करारलाई भङ्ग गराउँछ र भएको सम्बन्धलाई विश्वासघात गरेको देखाउँछ। जब करार भङ्ग हुन्छ तब करार दिनेको सर्त भङ्ग भएको हुँदैन तर करारलाई कार्यन्वन गर्न वा पूरा गर्न वाधा ल्याउँछ।

**तपाईंको आफ्नै अनुभवमा परमेश्वरको वचन पालन गर्नु कतिको महत्त्व भएको पाउनुभएको छ? तपाईंको वा बाइबलको कुनै घट्नाहरूमा के यो देख्नुभएको छ कि परमेश्वरको वचन पालन नगर्दा वा उहाँप्रति बागी हुँदा करारका प्रतिज्ञाहरू पूरा गर्न असम्भब भएको देखिएको छ? यदि छ भने परमेश्वरका प्रतिज्ञाहरू वा करारलाई निरन्तरता दिन त्यसको औषधी के हो त?**

## उपसंहारः

**यस अध्यायको निम्ति थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्कस एण्ड प्रोफेटसको* पृ. १२५-१३१को "द कल अभ अब्राहम" र *द आक्टस अभ द* आपोस्टल्सको पृ. १८८-२००को "ज्यु एण्ड जेन्टाइल।"**

इन्द्रेनी नोहासँग परमेश्वरले बाँध्नुभएको करारको चिन्ह हो। उत्पत्ति १७:१०मा अब्राहमलाई परमेश्वरले दिनुभएको करारको चिन्ह खतनालाई औंल्याएको छ। "खतना विशेष उद्देश्यको निम्ति छुट्याइएको थियोः (१) अब्राहमका सन्तान र अन्यजाति वा उनका सन्तानभन्दा बाहिरका जातिका सन्तानको बीचमा भिन्नता देखाउन (एफिसी २:११), (२) यह्वेको करारको सम्झना निरन्तररूपमा भइरहोस् भनेर (उत्पत्ति १७:११), (३) नैतिक शुद्धता भइरहोस् भनेर देखाउन (व्यवस्था १०:१६), (४) विश्वासद्वारा धार्मिकतालाई देखाउन (रोमी ४:११), (५) हृदयको खतनाको शङ्केतको रूपमा (रोमी २:२९) र (६) येशूलाई विश्वास गर्नेले बप्तिस्मा लिनुपर्ने प्रथालाई देखाउन (कलस्सी २:११:१२)।"-द एसडिए बाइबल कमेन्टरी, ठेली १, पृ. ३२२, ३२३बाट रूपान्तरित।

युगको अन्तसम्म परमेश्वरको प्रतिज्ञाको चिन्हको रूपमा इन्द्रेनी रहिरनेछ, तर शारीरिक खतनाको चिन्ह भने रहिरहनेछैन। परमेश्वरमाथि विश्वास गरेकोले उनको धार्मिकतालाई चिनाउन अब्राहमलाई खतना गर्न उहाँले आदेश दिनुभएको थियो भनेर प्रेरित पावलले उल्लेख गर्दछन् (रोमी ४:११)। तर शताब्दीहरू बितिजाँदा खतनालाई परमेश्वरको व्यवस्था पालन गर्दा मुक्ति पाइन्छ भन्ने अवधारणामा मानिसहरू जान थालेका थिए। तर जब नयाँ करारको समय भयो तब खतनाको महत्त्व नै हराएको थियो। तर कुनै भौतिक नसच्छेदन वा खतनाद्वारा होइन येशूमाथि विश्वास राख्दा मानिस परमेश्वरप्रति आज्ञाकारी हुन्छ र उसको जीवन परिवर्तन हुन्छ अर्थात् येशूमाथि विश्वास नै मुक्तिको निम्ति नभैनहुने तत्व हो। जब कसैले विश्वासद्वारा मुक्ति पाउँछ भने उसको जीवन उहाँको वचन अनुसार चल्ने प्रतिवद्धता जारिगरिरहेको हुन्छ। यस मामिलामा देहायका पदहरूले प्रकाश पार्दछः "ख्रीष्ट येशूमा न त खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ। तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो– प्रेमद्वारा काम गर्ने विश्वास।"- ( गलाती ५:६), "न त खतनाको केही महत्त्व छ, न बेखतनाको, तर नयाँ सृष्टि नै सब थोक हो।"- (गलाती ६:१५), र "१७ प्रभुले हरेकलाई जस्तो जीवन खटाउनुभएको छ र जस्तो स्थितिमा बोलाउनुभएको छ, सोहीबमोजिम त्यो चलोस्। सबै मण्डलीहरूका निम्ति मेरो नियम यही हो। १८ के कोही मानिसको बोलावट हुँदा त्यसको अघिबाटै खतना भइसकेको थियो? त्यसो हो भने त्यसले बेखतना हुन नखोजोस्। के कोही खतना नहुँदै बोलावट भएको छ? त्यसो भए त्यसले खतना हुन नचाहोस्। १९ खतना केही होइन, बेखतना पनि केही होइन, तर परमेश्वरको आज्ञापालन मुख्य कुरा हो। २० जुन अवस्थामा मानिसलाई बोलावट भएको छ, त्यसैमा नै हरेक मानिस रहिरहोस्।"- (१ कोरिन्थी ७:१७-२०)।

**चिन्तनमननः**

**अ. परमेश्वरमाथि विश्वास तथा आस्था र कामको बीचमा के सम्बन्ध छ, सो सोच्नुहोस्। के एक बिना अर्को रहन सक्छ र? यदि सक्दैन भने किन?**

**आ. "अझै पनि अब्राहमलाई जस्तै धेरैलाई जाँच गरिरहेका छन्। परमेश्वरको आवाज सिधै स्वर्गबाट आएको तिनीहरूले सुन्न**

चाहन्दैनन्। उहाँको अलौकिक घट्नाहरू र उहाँका वचनको शिक्षाद्वारा उहाँले मानिसहरूको हृदय धकधक्याइरहेको हुन्छ। धनसम्पत्ति, मानइज्जतका अवसरहरू आदि त्याग्न तिनीहरूलाई बोलाइरहेको हुनसक्छ। तिनीहरू रमाइलो र फाइदाजनक संघसंस्था आदिहरू र आफन्तहरूबाट अलग भएर आफ्नो स्वाभिमानलाई त्यागेर परिश्रम र त्याग गरेर परमेश्वरको मार्गमा हिंड्न परमेश्वरले बोलाइरहनुभएको हुन्छ। तिनीहरूको जीवनमा परमेश्वरको काम गर्नु छ। तर रबाफिलो जीवन, साथी सङ्गत र आफन्तहरूको प्रभावले तिनीहरूलाई चाहिने महत्त्वपूर्ण कार्यको निम्ति निश्चित स्वभावको बिकास गर्न बाधा पुऱ्याइरहेको हुन्छ। मानव प्रभाव र मानव सहयोगबाट अलग हुन उहाँले बोलाउनुहुन्छ ताकि उहाँको सहायताको आवश्यक भएको महसुस गर्न र उहाँमाथिमात्र भरपर्न तिनीहरूलाई उहाँले डोऱ्याउन चाहनुहुन्छ। यस प्रक्रियाद्वारा तिनीहरूको माझमा परमेश्वरले आफूलाई प्रकट गर्न चाहनुहुन्छ। आफ्ना महत्त्वाकाँक्षा र प्रिय योजनाहरू र मनपर्ने सङ्गतहरूलाई त्यागेर परमेश्वरको आह्वानलाई आफूलाई उपलब्ध गराउन को तयार छ त?"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १२६,१२७बाट रूपान्तरित। परमेश्वरको आह्वानलाई साथ दिने अहिले कोही भएको उदाहरणहरू तपाईंलाई थाहा छ?

सारांशः आफूसँग विशेष सम्बन्ध राख्न परमेश्वरले अब्राहमलाई बोलाउनुभएको थियो। सारा संसारलाई उहाँको मुक्तिको योजना अब्राहम र उनका सन्तानहरूबाट प्रकट होउन् भन्ने परमेश्वरको योजना थियो।

## कथा ४
## ग्यास सिलिन्डर विस्फोट हुन्छ
## नोयलियासाउथवेल, ३५, ट्रिनिडाड र टोबेगो

ट्रिनिडाड र टोबागो देशको चेस गाउँमा रहेकी नोयलियाले साबथ सुरु हुनुभन्दा अघि नै खाना तयार गर्ने हतारहतारमा तरखर गर्दै थिइन्। सुसमाचारीय कार्यक्रममा उनी सुसमाचार प्रचारक भएको काम गरेकि थिइन्। त्यस कार्यक्रमबाट २५ जनाले बप्तिस्मा लिएका थिए। अब त्यस कार्यक्रममा सहभागी भएकी एक जना महिलाले उनलाई शुक्रवारको बेलुका बाइबल अध्ययन सिकाउन बोलाएकी थिइन्। त्यस महिला बप्तिस्माको निम्ति सोचिरहेकी थिइन्।

नोयलियाले उनको मनपर्ने गायनको परिकार पकाइरहेकी थिइन्। उनले भाडामा लिएको कोठामा छवटा चुलो भएको ग्यास बाल्दै उनले मन परेको उमालेको र तारेको खाना तयार गर्दै थिइन्। सखरखण्ड र विभिन्न सब्जीहरू तार्न उनी पर्खिरहेकी थिइन्। उनको ओछ्यानमा रहेको मोबाइलले आवाज निकाले त्यसको अर्थ कसैले केही सन्देश पठाउँदैछ। जब उनी त्यस मोबाइलतिर टाउको लगाउँदै थियो तब बुम! ठूलो बिस्फोटले घरै हल्लाइ दियो। त्यो बिस्फोटले नोयलियालाई कोठामा लडाइदियो र भित्तामा उनको ढाढ थोकिएर उनी लडिन्।

जब उनी भित्तामा लड्दैथियो तब एक अदृश्य हातले उनलाई उनको खुट्टामा उभ्याएर आगोले भरिएको कोठाबाट बाहिर निकालेर अगाडिको ढोकाबाट बाहिरिन सहयोग गरेको अनुभव गरिन्। बाहिर आएपछि गुहार गुहार भन्दै चिच्याइन। उनले के के भनिरहेकी थिइन् सो मानिसहरूले बुझ्न सकेको थिएन तर छिमेकीले उनको कोठाबाट आगो आइरहेको देख्यो। कसैले आम्बुलेन्स बोलायो र जबसम्म आम्बुलेन्स आएन तबसम्म एक जनाले नोयलियालाई पानीले छ्यापीरहेको थियो। कसैले नोयलियालाई बाल्टिनबाट पानी फ्याँक्दै जथियो भने दुई जना अरू मानिसहरूले उनको कोठामा भएको आगो निभाउन खोज्दै थिए। चिसो पानीको निम्ति नोयलिया आभारित भएकी थिइन्। उनको टाउको फुट्ला जस्तो भएको थियो। उनको छाला सहनै नसक्ने गरेर पोलिरहेको थियो। उनको शरीर आगोले एकदम गम्भिररूपमा पोलेको थियो। आम्बुलेन्सले उनलाई आपत्कालिन क्लिनिकमा पुर्‍यायो जुन्

उनको कोठाको नजिक थियो अनि त्यसपछि अस्पतालमा पुऱ्याइयो। उनको शरीरलाई स्थिर राख्नुपरेको थियो। क्लिनिकको डाक्टरले उनलाई उद्धार गरेकोलाई के भयो भनेर सोधे। "ग्यास सिलिन्डर पड्क्यो। त्यसबेला उनी घरमा खाना पकाइरहेकी थिइन्" उसले जवाफ दियो। "तर उनि कसरी एकै शरीरमा छिन्। उनी टुक्राटुक्रा भएर मरिसकेको हुनुपर्थ्यो। ग्यास सिलिन्डर बिस्फोट भएर कोही पनि बाँच्दैनन्" डाक्टरले अचम्म मान्दै भने। यो कुरा सुनिरहने नोयलियाले चुपचापसँग आफ्नो जीवन बचेकोमा परमेश्वरलाई धन्यवाद दिइन्। "मेरो जीवनमा तपाईंको केही उद्देश्य हुनुपर्छ त्यसैकारणले तपाईंले मलाई बचाउनुभयो" उनले प्रार्थना गरिन्। क्लिनिकपछि उनलाई अस्पतालमा पुऱ्याइयो। त्यहाँ उनको उपचार गरियो। त्यस रात चर्चको एक जना साथीले उनलाई आफ्नो घरमा बोलाइन्।

अस्पताल छोड्न पाएकोमा नोयलिया खुशी थिइन् तर उनलाई धेरै दुखिरहेको थियो। साबथमा चर्चका विश्वासीहरू उनलाई चर्चमा देखेर चकिट भए किनभने तिनीहरूले ग्यास सिलिन्डर पड्केको खबर सुनेका थिए। तिनीहरू उनीसँग प्रार्थना गरे र भजनहरू गाए। तर साबथमा घाम अस्ताएपछि नोयलिया हिँड्न सकिन। उनको खुट्टाहरू धेरै सुन्निएका थिए र गऱ्हौं भएका थिए।

महिनाभरि चर्चका महिला सदस्यहरू पालै पालो गरे उनकहाँ दिनभरी बसे। पास्टरहरू उनकहाँ आएर उनीसँग प्रार्थना गरे। उनी अचम्म तरिकाले छिट्टै निको हुन थाल्यो। एक महिना आधामा उनी हिँड्न थाल्न सकेकी थिइन्। फेरि उनी पहिलेको जस्तै भइन्। उनको छाला छिट्टै निको भएकोले डाक्टर अचम्म मानेका थिए।

"तिमी भाग्यमानी छौ" डाक्टरले उनलाई सुनाइन्। "म भाग्यमा विश्वास गर्दिन। यो परमेश्वरको आशिष हो भनेर म विश्वास गर्दछु। चर्चका सदस्यहरूको प्रार्थनाको जवाफले म छिटो निको भएँ" नोयलियाले गवाही दिइन्।

बिस्फोट पछि नोयलिनको परमेश्वरसँगको सम्बन्धमा परिवर्तन आयो। उनले उहाँलाई सधैं प्रेम गर्थी, तर अहिले उहाँमाथि हृदयदेखि उनी भरोसा पनि राख्न थालिन्। दैनिक समस्याको बारेमा उनले चिन्ता गर्न छोडिन्। केही उद्देश्यको निम्ति परमेश्वरले उनलाई बचाएको भनेर उनले

महसुस गरेकी थिइन् र अब उहाँमाथि भरोसा राख्न सकिन्छ भनेर उनी ढुक्क भएकी थिइन्।

बिस्फोट भएको नौ महिनापछि जुन महिलाले उनलाई घरमा बोलाएकी थिइन् त्यो दिन बिस्फोट भएको थियो, उनले आफ्नो हृदय येशूलाई सुम्पिन्।

आज नोयलिनले हृदयदेखि परमेश्वरको सेवा गर्दैछिन्। ट्रिनिडाड र टोबेगो देशमा रहेको एक केन्द्रिय कार्यलयमा उनी काम गरिरहेकी छिन्। त्यस ठाउँबाट अरूहरूलाई सुमाचार सुनाउने काम गरिन्छ। "परमेश्वरको काम गर्न मलाई कसैले पनि रोक्न सक्दैन," उनले भन्छिन्।

**-आन्ड्र्यु मेकचेस्नी**